त्रियुगा नगरपालिकाको कार्यविधि नं.

# ...ो फोहोर मैला व्यवस्थापन कार्यविधि, २०७७

...ार्यपालिकाबाट स्वीकृत मिति : – २०७७।०५।२९

त्रियुगा नगरपालिका
गाईघाट, उदयपुर

...ो मिति २०७७।०५।२९ गतेको ...ा व्यहोरा प्रमाणित गरिन्छ ।

२०७७।०५।११
०८।१८।१८

लक्ष्मण विक्रम थापा
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

त्रियुगा नगरपालिकाको कार्यविधि नं.

# त्रियुगा नगरपालिकाको फोहोर मैला व्यवस्थापन कार्यविधि, २०७७

नगर कार्यपालिकाबाट स्वीकृत मिति : - २०७७।०५।२९

त्रियुगा नगरपालिका

गाईघाट, उदयपुर

त्रियुगा नगर कार्यपालिकाको मिति २०७७।०५।२९ गतेको निर्णयानुसार स्वीकृत भएको व्यहोरा प्रमाणित गरिन्छ ।

लक्ष्मण विक्रम थापा
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकिय अधिकृत

Scanned with CamScanner

# त्रियुगा नगरपालिकाको फोहोर मैला व्यवस्थापन कार्यविधी २०७७

प्रस्तावना : फोहोर मैलालाई नगरपालिकाको आर्थिक तथा प्राकृतिक स्रोतको रुपमा स्वीकार गर्दै जैविक फोहोरको प्रयोग, पुन: प्रयोग, चक्रीय प्रयोग, प्रशोधन एवं बिसर्जन गरी नगरपालिका क्षेत्रभित्र फोहर मैलाको उचित र प्रभावकारी व्यवस्थापन गर्न तथा जनस्वास्थ्य एवं बातावरणमा पर्न सक्ने प्रतिकूल प्रभावलाई न्यूनीकरण गर्दै स्वच्छ र स्वस्थ बातावरण कायम गरी स्वस्थ नागरिक सफा शहर निर्माणका लागि स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ (१) बमोजिम नगर कार्यपालिकाबाट स्वीकृत गरी यो कार्यविधी बनाई जारी गरिएको छ ।

## परिच्छेद– १

प्रारम्भिक : १. संक्षिप्त नाम र प्रारम्भ : (१) यस कार्यविधीको नाम फोहोरमैला व्यवस्थापन कार्यविधी २०७७ रहेको छ ।

(२) यो कार्यविधी नगर कार्यपालिकाबाट पारित भएपछि तुरुन्त लागु हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावली :-

क) "नगरपालिका" भन्नाले त्रियुगा नगरपालिकालाई सम्भनु पर्छ ।

(ख) "नगर कार्यपालिका" भन्नाले त्रियुगा नगरपालिकाको नगर कार्यपालिकालाई सम्भनु पर्दछ ।

(ग) "प्रमुख" भन्नाले त्रियुगा नगरपालिकाको नगर प्रमुखलाई सम्भनुपर्छ ।

(घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले त्रियुगा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत भै काम गर्ने अधिकारीलाई सम्भनु पर्छ ।

(ङ.) "समिति" भन्नाले त्रियुगा नगरपालिकाको फोहोरमैला व्यवस्थापन समितिलाई सम्भनु पर्छ ।

(च) "औद्योगिक प्रतिष्ठान" भन्नाले कुनै उद्योग, व्यवसाय वा सेवा सञ्चालन गर्ने उद्देश्यले कानुन बमोजिम स्थापित कुनै कम्पनी, उद्योग, फर्म वा यस्तै प्रकृतिको निकाय समेतलाई सम्भनु पर्दछ ।

(छ) "औद्योगिक फोहोरमैला" भन्नाले औद्योगिक प्रतिष्ठानबाट निष्कासन हुने ठोस वा तरल हानिकारक, प्रदूषित, रासायनिक फोहोरमैला जन्य वस्तुलाई सम्भनु पर्छ ।

(ज) "कन्टेनर" भन्नाले फोहोरमैला संकलन वा व्यवस्थापन सहज गर्न निश्चित स्थानमा गर्न राखिएको सवारी साधन तथा भाँडो, वाल्टिन समेतलाई सम्भनु पर्छ ।

*त्रियुगा नगरपालिकाको नगर कार्यपालिकाको मिति २०७७/०५/२९ को निर्णयानुसार स्वीकृत भएको व्यहोरा प्रमाणित गरिन्छ ।*

२०७७/०८/०८
०८८।६।६
*लक्ष्मण विक्रम थापा*
*प्रमुख प्रशासकीय अधिकृत*
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

(झ) "निष्कासन" भन्नाले फोहोरमैला उत्पादन तथा प्रशोधन स्थलबाट नगरपालिकाले तोकेको स्थानमा थुपार्ने, निकाल्ने तथा व्यवस्थापन गर्ने कार्य समेतलाई सम्झनु पर्छ ।

(ञ) "संकलन केन्द्र" भन्नाले घरघरबाट निस्कने फोहोरमैला संकलन गरी निर्धारित समयसम्म राख्न वा थुपार्न नगरपालिकाले तोकेको स्थान सम्झनु पर्दछ । यस शव्दले घरघरमा फोहोरमैला संकलन गर्न आउने नगरपालिकाले तोकेको फोहोरमैला संकलन वा फोहोरमैला संकलन गर्ने साधन समेतलाई जनाउँछ ।

(ट) "फोहोरमैला" भन्नाले घरेलु फोहोरमैला, औद्योगिक फोहोरमैला, रसायनिक फोहोरमैला, स्वास्थ्य सेवामा संलग्न संस्थाहरुबाट निष्कासन हुने फोहोर मैला, शिक्षण संस्था, पशु बधशाला समेतबाट निस्कने फोहोरमैला वा हानिकारक फोहोरमैला सम्झनु पर्दछ र यस शब्दले प्रयोगमा नआउने तथा फालिएका वस्तु, सडे गलेका वस्तु र वातावरणमा ह्रास आउने गरी निष्कासन गरिएका वस्तुहरु लगायत अनाधिकृत सार्वजनिक स्थलमा टाँसिएका पोष्टर, पम्प्लेट, व्यानर र नगरपालिकाले सूचना प्रकाशन गरी फोहोरमैला भनी तोकिदिएको अन्य वस्तु समेतलाई जनाउँछ । साथै नगरपालिकाले व्यवस्थापन गर्ने भनी जिम्मेवारी लिई आएको मानव मलमुत्र व्यवस्थापन सम्वन्धी अन्य कार्यलाई समेत जनाउछ ।

(ठ) "प्रशोधन" भन्नाले फोहोरमैलाको स्वरुप वा गुणमा परिवर्तन गरी अन्य कुनै उपयोगी वस्तु तयार गर्ने, मल, ग्यास, उँर्जा वा अन्य वस्तु उत्पादन गरी फोहोरमैलाको व्यवस्थापन गर्ने प्रक्रिया जनाउँछ ।

(ड) " पुनःप्रयोग " भन्नाले नगरपालिकाले समय समयमा सूचना प्रकाशित गरी संकुलित फोहोरमैलालाई पुनःप्रयोग गर्न मिल्ने गरी तोकिएको व्यवस्थापकीय कार्यलाई जनाउछ ।

(ढ) "फोहोरमैला संकलन" भन्नाले फोहोरमैला उत्पादन हुने श्रोत स्थलबाट उठाउने, घर-घरबाट संकलन गर्ने, सार्वजनिक स्थल बढार्ने, थुपार्ने, झारपात उखेल्ने तथा अनाधिकृत रुपमा सार्वजनिक स्थलमा टाँसिएका पोष्टर, व्यानर, पम्प्लेट हटाई संकलन गर्ने कार्य समेतलाई सम्झनु पर्दछ ।

(ण) "फोहोरमैला व्यवस्थापन स्थल" भन्नाले फोहोरमैला विसर्जन वा प्रशोधन गर्नका लागि नगरपालिकाले तोकेको निर्धारित स्थानलाई जनाउछ ।

(त) "विर्सजन" भन्नाले फोहोरमैलाको अन्तिम निष्कासन तथा व्यवस्थापन गर्ने कार्य सम्झनुपर्दछ ।

(थ) "सामुदायिक संस्था" भन्नाले मुनाफा रहित उद्देश्यले समुदायको हितको लागि प्रचलित कानुन बमोजिम स्थापित र सहभागितामूलक टोल विकास संस्था तथा उपभोक्ता समूह, आमा समूह, महिला समूह, क्लबहरु एवम् संगठित संस्था, सहकारी संस्था र गैर सरकारी संस्था समेतलाई सम्झनुपर्दछ ।

७७।५।
६।९

*त्रियुगा नगरपालिकाको नगर कार्यपालिकाको मिति २०७७/०५/२९ को निर्णयानुसार स्वीकृत भएको व्यहोरा प्रमाणित गरिन्छ ।*

*लक्ष्मण विक्रम थापा*
*प्रमुख प्रशासकीय अधिकृत*

प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

(द) "फोहोरमैला संकलन तथा ढुवानी साधन" भन्नाले नगरपालिकाले फोहोरमैला संकलन तथा व्यवस्थापन र ढुवानी गर्ने प्रयोजनका लागि प्रयोग गरिने सवारीसाधन, उपकरण, यन्त्र समेतलाई जनाउछ ।
(ध) "शुल्क" भन्नाले घरेलु फोहोरमैला, औद्योगिक फोहोरमैला, रसायनिक फोहोरमैला, स्वास्थ्य सेवामा संलग्न संस्थाहरुबाट निष्कासन हुने फोहोर मैला, शिक्षण संस्था, पशु बधशाला समेतवाट निस्कने फोहोरमैला वा हानिकारक फोहोरमैला निश्काशन गर्ने पक्षवाट नगर कार्यपालिकाले निर्धारण गरि तोकेको शुल्कलाई जनाउदछ ।

## परिच्छेद-२

### फोहोरमैला उत्पादन, संकलन, न्यूनीकरण तथा निष्कासन सम्वन्धी व्यवस्था :

३. फोहोरमैला व्यवस्थापनमा नगरपालिकाको मुख्य जिम्मेवारी रहने :

(१) फोहोरमैला व्यवस्थापनका लागि व्यवस्थापन स्थल, प्रशोधन प्लान्ट, पुन:प्रयोग, कम्पोष्ट प्लान्ट, वायोग्यास प्लान्ट लगायत फोहोरमैलाको संकलन, अन्तिम विर्सजन तथा प्रशोधन वा पुन:प्रशोधनका लागि आवश्यक पर्ने पूर्वाधार तथा संरचनाको निर्माण तथा सञ्चालन गर्ने मुख्य जिम्मेवारी नगरपालिकाको हुनेछ ।

(२) फोहोरमैला संकलन केन्द्र वा कुनै स्थानमा फालिएको वा राखिएको फोहोरमैला वा सरसफाईको सिलसिलामा जम्मा भएको फोहोरमैलाको आवश्यक प्रवन्ध गर्ने वा प्रयोग गर्ने जिम्मेवारी नगरपालिकाको हुनेछ ।

(३) उपनियम (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि हानिकारक फोहोरमैला, स्वास्थ्य संस्थाबाट निष्कासन हुने फोहोरमैला वा औद्योगिक फोहोरमैलाको प्रशोधन र व्यवस्थापन गर्ने दायित्व निर्धारित मापदण्डको अधिनमा रही त्यस्तो फोहोरमैला उत्पादन गर्ने व्यक्ति वा निकायको हुनेछ ।

(४) कुनै उद्योग वा स्वास्थ्य संस्थावाट निष्काशित हुने फोहोरमैलाबाट, रासायनिक तथा हानीकारक फोहोरमैला सम्वन्धित औद्योगिक वा स्वास्थ्य संस्थाले प्रशोधन गरी बाँकी रहेको अन्य फोहोरमैलाको व्यवस्थापन गरिदिन नगरपालिकालाई अनुरोध गरेमा वा नगरपालिकाले निर्माण गरेको फोहोर मैलास्थल प्रयोग गर्न माग गरेमा नगरपालिकाले निर्धारण गरे बमोजिमको सेवा शुल्क लिई फोहोरमैलाको व्यवस्थापन गरिदिन वा फोहोरमैला व्यवस्थापन स्थल प्रयोग गर्न दिन सक्नेछ ।

६/६

*त्रियुगा नगरपालिकाको नगर कार्यपालिकाको मिति २०७७/०५/२९ को निर्णयानुसार स्वीकृत भएको व्यहोरा प्रमाणित गरिन्छ ।*

*लक्ष्मण विक्रम थापा*
*प्रमुख प्रशासकीय अधिकृत*

प्रमुख प्रशासकिय अधिकृत

त्रियुगा नगरपालिका नगर कार्यपालिकाको कार्यालय गाईघाट, उदयपुर १ नं. प्रदेश नेपाल 2015



Scanned with CamScanner

(५) नगरपालिकाले घरेलु फोहोरमैला, औद्योगिक फोहोरमैला, रसायनिक फोहोरमैला, स्वास्थ्य सेवामा संलग्न संस्थाहरुबाट निष्कासन हुने फोहोर मैला, शिक्षण संस्था, पशु बधशाला समेतबाट निस्कने फोहोरमैला वा हानिकारक फोहोरमैला निश्काशन गर्ने पक्षवाट नगर कार्यपालिकावाट निर्धारण गरि निश्चित शुल्क लिन सक्नेछ ।

४ फोहोरमैलाको उत्पादन कम गर्ने :

(१) कुनै व्यक्ति, संस्था वा निकायले कुनै काम कारवाही गर्दा फोहोरमैला उत्पादन हुने कार्य यथासक्य कम गर्नु पर्नेछ ।

(२) आफ्नो क्षेत्रभित्र विसर्जन हुन सक्ने फोहोरमैलाको विसर्जन वा पुनः प्रयोगको व्यवस्था मिलाई बाँकी फोहोरमैला मात्र निष्कासन गरी फोहोरमैलाको परिणामलाई घटाउनु प्रत्येक व्यक्ति, संस्था वा निकायको दायित्व हुनेछ ।

५. फोहोरमैलाको पृथकीकरण :

(१) नगरपालिकाले जैविक, अजैविक वा अन्य प्रकारका फोहोरमैलालाई स्रोतमा नै विभाजन गरेर छुट्टाउने गरी तोक्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम नगरपालिकाले तोकिदिए बमोजिम फोहोरमैलालाई विभिन्न तहमा छुट्याई संकलन केन्द्रसम्म पुऱ्याउने दायित्व त्यस्तो फोहोरमैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायको हुनेछ । यसको लागि नगरपालिकाले आवश्यक प्रविधि, मालसामान, उपकरण, कन्टेनर आदि उपलब्ध गराउन सक्नेछ ।

६. फोहोरमैलाको निष्कासन :

(१) फोहोर मैला निस्कासनको समय, स्थान र तरिका नगरपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) हानिकारक फोहोरमैला वा रसायनिक फोहोरमैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायले त्यस्तो फोहोरमैला नगरपालिकाले तोकिए बमोजिम ब्यवस्थापन गर्नुपर्नेछ ।

(३) हानिकारक वा रासायनिक फोहोरमैला असुरक्षित रुपमा संकलन केन्द्रमा निष्कासन गर्न पाइने छैन

७७।७१
६।६

*त्रियुगा नगरपालिकाको नगर कार्यपालिकाको मिति २०७७/०५/२९ को निर्णयानुसार स्वीकृत भएको ब्यहोरा प्रमाणित गरिन्छ ।*

*लक्ष्मण विक्रम थापा*
*प्रमुख प्रशासकीय अधिकृत*

प्रमुख प्रशासकिय अधिकृत

त्रियुगा नगरपालिका नगर कार्यपालिकाको कार्यालय गाईघाट, उदयपुर १ नं. प्रदेश नेपाल २०७४



Scanned with CamScanner

७. संकलन केन्द्र तोक्ने :

(१) नगरपालिकाले फोहोरमैलालाई व्यवस्थित रुपमा संकलन गर्न प्रत्येक टोल वा वस्तीमा संकलन केन्द्र तोक्नेछ ।

(२) उपनियम (१) बमोजिम संकलन केन्द्र तोक्दा सकेसम्म टोल वा बस्तीमा सबैलाई पायक पर्ने गरी वातावरणीय रुपले उपयुक्त स्थान तोक्नेछ ।

८. फोहोरमैलाको ढुवानी :

(१) संकलन केन्द्रमा जम्मा भएको फोहोरमैलालाई फोहोरमैला व्यवस्थापन स्थलसम्म ढुवानी गर्ने दायित्व नगरपालिका वा नगरपालिकाबाट अनुमति प्राप्त गरेको व्यक्ति, संस्था वा निकायको हुनेछ ।

(२) फोहोरमैला ढुवानी गर्दा तोकिए बमोजिमको ढुवानी साधन प्रयोग गर्नुपर्ने छ । यस्तो साधन तोक्दा तौल, क्षमता, तरिका, सडकको क्षमता तथा वातावरणमा पर्न सक्ने प्रभाव समेतलाई विचार गरी तोकिनेछ ।

(३) फोहोरमैला ढुवानी गर्दा नगरपालिकाले नियम ५ बमोजिम स्रोतमा छुट्टाई निष्कासन तथा संकलन गरिएको फोहोरमैलाको अलग-अलग ढुवानी गर्नुपर्नेछ ।

९. फोहोरमैलाको न्यूनीकरण, पुनः प्रयोग तथा पूनः चक्रीय प्रयोग प्रशोधन : नगरपालिकाले फोहोरमैला न्यूनीकरण, प्रयोग, पूनः प्रयोग तथा चक्रीय प्रयोग वा प्रशोधनलाई प्रोत्साहन गर्न समन्वयात्मक व्यवस्था मिलाउने छ । यसको प्रभावकारी कार्यान्वयन सम्वन्धी प्रक्रिया तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद- ३

१०. फोहोरमैला व्यवस्थापन स्थल सम्बन्धी व्यवस्था :

(१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र संकलन भएको फोहोरमैलालाई व्यवस्थापन तथा स्थायी रुपमा विर्सजन गर्नका लागि वातावरण सम्बन्धी प्रचलित कानुनको अधिनमा रही फोहोरमैला व्यवस्थापन तथा प्रशोधन स्थल तोक्नेछ ।

(२) उपनियम (१) बमोजिम फोहोरमैला व्यवस्थापन स्थल तोक्नको लागि नगरपालिका क्षेत्रमा उपयुक्त विसर्जन स्थल नभएमा वा भएपनि उपयुक्त नभएमा भाडामा लिई वा खरिद गरी व्यवस्थापन स्थल तोक्न सक्नेछ ।

*त्रियुगा नगरपालिकाको नगर कार्यपालिकाको मिति २०७७/०५/२९ को निर्णयानुसार स्वीकृत भएको व्यहोरा प्रमाणित गरिन्छ ।*

*लक्ष्मण विक्रम थापा*
*प्रमुख प्रशासकीय अधिकृत*
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

(३) नगरपालिकाले उपनियम (१) र (२) बमोजिम फोहोरमैला व्यवस्थापन स्थल तोक्नका लागि बिसर्जन स्थलको अभाव भएमा उपयुक्त जग्गाको छनौट गरी उपलब्ध गराउनका लागि प्रदेश वा संघीय सरकार समक्ष अनुरोध गर्न सक्नेछ ।

(४) नगरपालिकाले अर्को कुनै एक वा सोभन्दा बढी स्थानीय तह समेतले संयुक्त रुपमा एउटै फोहोरमैला व्यवस्थापन स्थल प्रयोग गर्न उपयुक्त भएमा त्यस्ता स्थानीय तह बीच आवश्यक समन्वय गरी त्यस्तो स्थललाई सम्बन्धित स्थानीय तहहरुको लिखित सहमति र सर्तमा संयुक्त रुपमा प्रयोग गर्ने गरी व्यवस्था मिलाउन सक्नेछ ।

(५) नगरपालिकाको फोहोरमैला व्यवस्थापन स्थल सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्य तोकिएको वातावरणीय मापदण्ड अनुरुप गर्नुपर्नेछ ।

(६) नगरपालिकाले फोहोरमैला व्यवस्थापन स्थल क्षेत्रलाई आवश्यक परेमा वातावरणीय रुपले संवेदनशील क्षेत्र घोषणा गर्न सक्नेछ ।

(७) नगरपालिकाले उपनियम (६) बमोजिमको क्षेत्रमा पशुपन्छी, जिवजन्तु तथा मानवको अनाधिकृत प्रवेशलाई रोक लगाउने, माटो, ढुंगा, गिट्टी र बालुवा निकाल्ने कार्यमा रोक लगाउनुको साथै वातावरण संरक्षण र त्यस्तो क्षेत्रको उचित व्यवस्थापनका लागि निर्देशिका जारी गरी लागु गर्न सक्नेछ ।

## परिच्छेद- ४

### ११.फोहोरमैला व्यवस्थापनमा निजी तथा सामुदायिक क्षेत्रको संलग्नता :

अनुमति सम्बन्धी व्यवस्था :

(१) यस कार्यविधी बमोजिम नगरपालिकाको अनुमती नलिई सार्वजनिक स्थलमा फोहोरमैला व्यवस्थापन सम्बन्धी काम गर्न वा गराउन हुँदैन ।

(२) फोहोरमैला व्यवस्थापन गर्न स्वदेशी वा विदेशी कम्पनी, संस्था वा निकायले देहायको विवरण खुलाई अनुमतिको लागि नगरपालिकामा निवेदन दिनुपर्नेछ ।

(क) फोहोरमैला व्यवस्थापन सम्बन्धी कार्य योजना

(ख) फोहोरमैला व्यवस्थापनको लागि आवश्यक जनशक्ति तथा प्रविधिको विवरण

(ग) नगरपालिकावाट तोकिए बमोजिमको अन्य विवरण ।

*त्रियुगा नगरपालिकाको नगर कार्यपालिकाको मिति २०७७/०५/२९ को निर्णयानुसार स्वीकृत भएको व्यहोरा प्रमाणित गरिन्छ ।*

*लक्ष्मण विक्रम थापा*
*प्रमुख प्रशासकीय अधिकृत*

प्रमुख प्रशासकिय अधिकृत



Scanned with CamScanner

(३) नगरपालिकाले उपनियम (२) बमोजिम पर्न आएको निवेदन उपर आवश्यक छानविन गरी अनुमति दिन सक्नेछ ।

(४) फोहोरमैला व्यवस्थापन, प्रशोधन, प्रयोग, पुनः प्रयोग चक्रीय प्रयोग र बिसर्जनका लागि आवश्यक पर्ने प्रविधि स्वदेशमा उपलब्ध हुने अवस्था नदेखिएमा त्यस्तो प्रविधि उपलब्ध गराउन सक्ने गरी तोकिएको ब्यक्ति वा संस्थालाई विदेशी कम्पनी मार्फत प्रविधि हस्तान्तरण गर्ने गरी नगरपालिकाले उपनियम (३) बमोजिम अनुमतिपत्र दिन सक्नेछ ।

(५) अनुमति सम्बन्धी अन्य व्यवस्था प्र[illegible] का[illegible]मोजिम हुनेछ ।

१२. निजी क्षेत्रबाट फोहोरमैला व्यवस्थापनको कार्य गराउन सकिने :

(१) नगरपालिकाले आवश्यकता अनुसार नियम ११ बमोजिम अनुमति प्राप्त निजी क्षेत्रका कम्पनी वा सामुदायिक क्षेत्रबाट नियम १३ बमोजिम प्रतिस्पर्धा गराई वा पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालनमा निजी लगानी सम्बन्धी कानुनको आवश्यक प्रकृया अवलम्बन गरी आफ्नो क्षेत्रको फोहोरमैला व्यवस्थापन गराउन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम फोहोरमैला व्यवस्थापन गर्दा निजी क्षेत्रका कम्पनीको हकमा देहायका सवै वा कुनै र सामुदायिक वा गैर सरकारी संघसंस्थाका हकमा देहायका कुनै काम गराउन सकिने छ ।

(क) फोहोरमैला न्यूनीकरणका लागि जनचेतना अभिवृद्धि गराउने ।

(ख) फोहोरमैला संकलन गर्ने ।

(ग) फोहोरमैला ढुवानी गर्ने ।

(घ) फोहोरमैलाको प्रयोग, पुनः प्रयोग, चक्रीय प्रयोग वा प्रशोधन गर्ने ।

(ङ) फोहोरमैला विसर्जन गर्ने ।

(च) फोहोरमैला व्यवस्थापन गर्न सरोकारवालासग नगरपालिकावाट तोकिए बमोजिम शुल्क अशुल गर्ने सम्बन्धी अन्य काम गर्ने ।

(छ) फोहोरमैला व्यवस्थापन सम्बन्धी अन्य काम गर्ने ।

७७/५/१
६/६

*त्रियुगा नगरपालिकाको नगर कार्यपालिकाको मिति २०७७/०५/२९ को निर्णयानुसार स्वीकृत भएको व्यहोरा प्रमाणित गरिन्छ ।*

*लक्ष्मण विक्रम थापा*
*प्रमुख प्रशासकीय अधिकृत*
प्रमुख प्रशासकिय अधिकृत

त्रियुगा नगरपालिका नगर कार्यपालिकाको कार्यालय गाईघाट, उदयपुर १ नं. प्रदेश नेपाल



Scanned with CamScanner

१३. प्रतिस्पर्धा गराई फोहोरमैला व्यवस्थापनको जिम्मा दिने :

(१) नगरपालिकाले नियम १२ बमोजिम निजी क्षेत्र वा सामुदायिक संस्थाबाट फोहोरमैला व्यवस्थापन गराउँदा प्रचलित कानून बमोजिम प्रतिस्पर्धा गराई छनौट गरी जिम्मा दिनेछ।

(२) उपनियम (१) बमोजिम छनौट गर्दा देहायका आधारमा गर्नुपर्नेछ।

(क) नगरपालिकालाई बुझाउन कबुल गरेको रकम।

(ख) फोहोरमैलाबाट उर्जा शक्ति वा प्राङ्गारिक मल उत्पादन गर्ने क्षमता, पूँजी, प्रविधि र जनशक्तिको स्थिति।

(ग) आर्थिक तथा प्राविधिक क्षमता।

(घ) व्यवस्थापनमा प्रयोग गरिने प्रविधिको दिगोपन र वातावरणीय प्रभाव न्यूनीकरण।

(ङ) नगरपालिकाले तोकेको शुल्क भन्दा बढी शुल्क नउठाउने कबुल गरेको ।

(ङ) व्यवस्थापन करार गर्ने भए प्रस्ताव गरिएको व्यवस्थापन शुल्क।

च) फोहोरमैलाको प्रयोग, प्रशोधन, पुनः प्रयोग,चक्रीय प्रयोग गर्ने भएमा नगरपालिकालाई शुल्क बुझाउन मञ्जुर गरिएको।

(३) फोहर मैला व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था प्रचलित कानुन बमोजिम हुनेछ।

(४) यस नियम बमोजिम फोहोरमैला व्यवस्थापनको जिम्मा पाएको कम्पनी, संस्था वा निकायले नगरपालिकासँग गरेको सम्झौताको अधिनमा रही नियम १६ बमोजिमको शुल्क उठाउन सक्ने छ।

(५) फोहोरमैला व्यवस्थापनमा निजी तथा गैरसरकारी क्षेत्रको संलग्नता सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

१४. फोहोरमैला व्यवस्थापन स्थल निर्माण तथा सञ्चालन गर्न स्वीकृत दिन सकिने :

(१) निजी क्षेत्रबाट फोहोरमैला व्यवस्थापनका लागि फोहोरमैला व्यवस्थापन स्थल, प्रशोधन स्थल, पुनः प्रयोग, स्थल, चक्रिय प्रयोग स्थल वा अन्य संयन्त्र निर्माण गरी सञ्चालन गर्न स्वीकृति माग गरेमा वातावरण तथा अन्य प्रचलित कानुको अधिनमा रही त्यस्तो संयन्त्र निर्माण तथा सञ्चालनका लागि नगरपालिकाले स्वीकृति दिन सक्नेछ।

*त्रियुगा नगरपालिकाको नगर कार्यपालिकाको मिति २०७७/०५/२९ को निर्णयानुसार स्वीकृत भएको व्यहोरा प्रमाणित गरिन्छ।*

*लक्ष्मण विक्रम थापा*
*प्रमुख प्रशासकीय अधिकृत*
प्रमुख प्रशासकिय अधिकृत

(२) उपनियम (१) बमोजिम निजी क्षेत्रबाट फोहोरमैला व्यवस्थापन संयन्त्रको निर्माण तथा सञ्चालन गर्दा वातावरणीय मापदण्ड अनुरुप भए नभएको अनुगमन नगरपालिकाले गर्नेछ।

(३) यसरी अनुगमन गर्दा तोकिएको मापदण्ड अनुरुप नभए समयावधी तोकी मापदण्ड अनुरुप गर्न लगाउने र तोकिएको समयावधि भित्र मापदण्डको पालना नगरे त्यस्ता व्यक्ति, संस्था वा कम्पनीलाई दिएको स्वीकृत नगरपालिकाले रद्द गर्न सक्नेछ।

१५. सार्वजनिक निजी साझेदारीमा फोहोरमैला व्यवस्थापन गर्न सकिने :

(१) स्थानीय तहले प्रचलित कानुनको अधिनमा रही निजी क्षेत्र, सामुदायिक एवं गैर सरकारी संघ संस्थासँगको साझेदारीमा फोहोरमैला व्यवस्थापनको कार्य, फोहोरमैलाबाट उर्जा शक्ति वा प्राङ्गारिक मल उत्पादन गर्ने उद्योग सञ्चालन गर्ने सक्नेछ। सामुदायिक वा गैर सरकारी संघ संस्थासँगको साझेदारीमा काम गर्दा फोहोरमैला न्यूनीकरणको लागि जनचेतना अभिवृद्धि, फोहोरमैला संकलन, ढुवानी, फोहोरमैला व्यवस्थापन स्थलको व्यवस्थापन, उद्यान निर्माण र सौन्दर्यीकरण जस्ता कार्य गर्न गराउन सकिने छ।

## परिच्छेद- ५

१६.फोहोरमैला व्यवस्थापन सेवा शुल्क सम्बन्धी व्यवस्था :

(१) सेवा शुल्क उठाउन सक्ने : नगरपालिकाले फोहोरमैला व्यवस्थापन गरेवापत सम्वन्धित व्यक्ति, संस्था वा निकायबाट तोकिए बमोजिमको सेवा शुल्क उठाउन सक्नेछ।

(२) उपनियम (१) बमोजिम शुल्कको निर्धारण फोहोरमैलाको परिमाण, तौल तथा प्रकृति र तोकिएका अन्य आधारमा गरिने छ।

(३) यस नियम बमोजिम निर्धारण गरिएको शुल्क नगरपालिकाले वा तोकेको संस्था वा निकाय मार्फत उठाउन सक्नेछ।

(४) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि नियम १३ बमोजिम फोहोरमैला व्यवस्थापन गर्न जिम्मेवारी पाएको ब्यक्ति, संस्था वा निकायले नगरपालिकासँग भएको सम्झौता बमोजिम फोहोरमैला ब्यवस्थापन गरे वापत सम्बन्धित ब्यक्ति, संस्था वा निकायबाट सेवा शुल्क लिन सक्नेछ।

(५) यस नियम बमोजिम फोहोरमैला व्यवस्थापनबाट प्राप्त हुने आम्दानी नगरपालिकाले छुट्टै कोषमा जम्मा गर्नेछ। उक्त रकम फोहोरमैला व्यवस्थापन, वातावरणीय संरक्षण तथा फोहोरमैला ब्यवस्थापन स्थलको विकासमा खर्च गर्न प्राथमिकता दिनुपर्नेछ।

*त्रियुगा नगरपालिकाको नगर कार्यपालिकाको मिति २०७७/०५/२९ को निर्णयानुसार स्वीकृत भएको व्यहोरा प्रमाणित गरिन्छ।*

*लक्ष्मण विक्रम थापा*
*प्रमुख प्रशासकीय अधिकृत*

प्रमुख प्रशासकिय अधिकृत



Scanned with CamScanner

१७. सेवा निलम्बन वा अन्त्य गर्न सक्ने :

(१) नगरपालिकाले नियम १६ बमोजिम सेवा शुल्क नबुझाउन सेवाग्राहीको फोहोरमैला सम्बन्धी सेवा निलम्बन वा अन्त्य गर्न सक्नेछ ।

(२) फोहोरमैला व्यवस्थापन गर्न नियम १३ बमोजिम जिम्मेवारी पाएको व्यक्ति, संस्था वा निकायले नियम १६ को उपनियम (४) बमोजिमको सेवा शुल्क नबुझाउने सेवाग्राहीको फोहोरमैला व्यवस्थापन सम्बन्धी सेवा निलम्बन वा अन्त्य गर्न सक्नेछ । यसरी सेवा निलम्वन वा अन्त्य गरिएमा नगरपालिकालाई जानकारी दिनुपर्नेछ ।

(३) उपनिययम (१) र (२) बमोजिम सेवाको निलम्बन वा अन्त्य गरिएको अवस्थामा आफ्नो घरबाट उत्पादन हुने फोहोरमैलाको ब्यवस्थापन संम्बन्धित ब्यक्ति, संस्था वा निकाय आफैंले गर्नुपर्नेछ ।

(४) सेवाग्राहीले नियम १६ बमोजिम बुझाउनु पर्ने सेवा शुल्क तथा अन्य शुल्क (जरीवाना) बुझाएमा निजलाई पुनः सेवा प्रदान गरिनेछ ।

## परिच्छेद- ६

१८ प्रदूषण नियन्त्रण तथा फोहोरमैला व्यवस्थापन कार्यको अनुगमन सम्बन्धी व्यवस्था :

(१) प्रदूषण नियन्त्रण : आफ्नो क्षेत्रभित्रबाट संकलित फोहोरमैलाबाट सो क्षेत्रमा पर्न सक्ने प्रतिकूल वातावरणीय प्रभावलाई यथासक्य कम गरी प्रदूषण रहित ढंगले नेपाल कानुन बमोजिम व्यवस्थापन गर्ने दायित्व नगरपालिकाको हुनेछ ।

१९. फोहोरमैला व्यवस्थापनको अनुगमन :

(१) यस नगरपालिकाले फोहोरमैला व्यवस्थापन तथा निष्कासन कार्यको नियमित अनुगमन गर्नसक्नेछ।

(२) उपनियम (१) बमोजिम अनुगमन गर्दा नगरपालिकाले आवश्यक कार्य योजना बनाई लागु गर्न सक्नेछ । उपनियम (१) बमोजिम अनुगमनमा खटिने व्यक्तिले अनुगमन पश्चात् सोको प्रतिवेदन नगरपालिका समक्ष दिनुपर्नेछ ।

(४) प्राप्त प्रतिवेदनमा औल्याइएका विषयहरुको सुधार तथा कार्यान्वयनका लागि नगरपालिकाले आवश्यक व्यवस्था मिलाउनुपर्नेछ ।

(५) नगरपालिकाले यस नियम बमोजिम अनुगमन गर्ने कार्यका लागि प्राविधिक सहितको छुट्टै संयन्त्र निर्माण गरी कार्यादेश दिन सक्नेछ ।

०७७।५।
६।६

*त्रियुगा नगरपालिकाको नगर कार्यपालिकाको मिति २०७७/०५/२९ को निर्णयानुसार स्वीकृत भएको व्यहोरा प्रमाणित गरिन्छ ।*

*लक्ष्मण विक्रम थापा*
*प्रमुख प्रशासकीय अधिकृत*
**प्रमुख प्रशासकिय अधिकृत**



Scanned with CamScanner

२०. फोहोरमैला व्यवस्थापन स्थल, प्रभावित क्षेत्रको आर्थिक, सामाजिक विकास तथा वातावरण संरक्षण सम्बन्धी व्यवस्था :

(१) नगरपालिकाले फोहोरमैला व्यवस्थापन स्थल, प्रभावित क्षेत्रको आर्थिक, सामाजिक, भौतिक विकास तथा वातावरणीय संरक्षणको गुरुयोजना बनाई कार्यान्वयन गर्नेछ।

(२) नगरपालिकाले मूलतः देहायका क्षेत्रमा स्थानीय समुदायको सहभागितामा कार्यक्रम सञ्चालन गर्नेछ,

क) सडक, विद्युत, खानेपानी तथा ढल, सरसफाई र वातावरण संरक्षण।

ख) विद्यालय, स्वास्थ्य संस्थाको व्यवस्थापन र सञ्चालन।

ग) प्रभावित क्षेत्रमा आर्थिक, सामाजिक रुपले पिछडिएका विपन्न वर्गको उत्थान तथा विकासका लागि आवश्यक कार्यक्रम।

## परिच्छेद-७

२१. फोहोरमैला व्यवस्थापन समिति सम्बन्धी व्यवस्था :

(१) फोहोरमैला व्यवस्थापन समितिको गठन : फोहोरमैला व्यवस्थापनका सम्वन्धमा अवलम्वन गर्नुपर्ने नीति निर्धारण र अन्य आवश्यक कार्यहरुका लागि नगरपालिकामा एक फोहोरमैला व्यवस्थापन समिति रहनेछ।

(२) उपनियम (१) बमोजिमको समितिमा देहायका सदस्यहरु रहनेछन्।

क) नगरपालिकाको प्रमुख वा प्रमुखले तोकेको व्यक्ति- अध्यक्ष

ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

ग) वडा अध्यक्षहरु मध्येबाट नगरकार्यपालिकाले मनोनित गरेको कम्तिा एक जना महिला सहित ३ जना- सदस्य

घ) स्थानीय उद्योग तथा बाणिज्यको क्षेत्रमा आवद्ध १ जना- सदस्य

ङ) नगरपालिका, स्वास्थ्य शाखाका प्रमुख - सदस्य

च) स्थानीय समाजसेवी १ जना- सदस्य

*त्रियुगा नगरपालिकाको नगर कार्यपालिकाको मिति २०७७/०५/२९ को निर्णयानुसार स्वीकृत भएको व्यहोरा प्रमाणित गरिन्छ।*

लक्ष्मण विक्रम थापा
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकिय अधिकृत



Scanned with CamScanner

छ) फोहोरमैला व्यवस्थापन, खानेपानी तथा सरसफाईको क्षेत्रमा कार्यरत संस्थावाट १ जना -सदस्य
ज) योजना तथा शहरी विकास शाखा प्रमुख - सदस्य

झ) फोहरमैला व्यवस्थापनको क्षेत्रमा कार्यरत निजी तथा गैर सरकारी संस्थाको तर्फबाट नगरपालिकाले तोकेको १ जना-सदस्य

ञ) नगरपालिकाले तोकेको फोहोर मैला व्यववस्थापन सम्बन्धि विज्ञ एक जना - सदस्य

ट) नगरपालिकाको सरसफाई शाखा प्रमुख - सदस्य सचिव

(३) उपनियम (२) को खण्ड (ग), (च) र (छ) (ञ) बमोजिम मनोनित सदस्यको पदावधि २ वर्ष हुनेछ।

२२. समितिको काम कर्तब्य र अधिकार : समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुने छ।
(क) फोहोरमैला व्यवस्थापन सम्बन्धी आवश्यक नीति तर्जुमा गरी स्वीकृतिका लागि नगर कार्यपालिकामा पेश गर्ने।

(ख) फोहोरमैला व्यवस्थापन कार्यसँग सम्वद्ध निकायहरु बिच समन्वयको लागि नीतिगत ब्यवस्था गर्ने।
(ग) फोहोरमैला व्यवस्थापनका लागि नगरपालिकाले शुल्क निर्धारण गर्दा आवश्यक पर्ने मापदण्ड तयार गरी नगर कार्यपालिकामा पेश गर्ने।

(घ) फोहोरमैला एकीकृत रुपमा ब्यवस्थापन गर्न नगरपालिकाले कुनै लगानी गर्नुपर्ने अवस्थामा त्यस्तो लगानी गर्नुपर्ने रकमको प्रतिशत निर्धारण गर्ने।

(ङ) फोहोरमैला व्यवस्थापन सम्बन्धी कार्यमा कुनै अवरोध उत्पन्न भएमा सरोकारवाला पक्षहरुसँग छलफल गरी समाधान खोज्ने।

(च) तोकिए बमोजिम अन्य काम गर्ने।

२३. समितिको बैठक सम्बन्धी ब्यवस्था : (१) समितिको बैठक ३ महिनामा कम्तिमा १ पटक समितिका अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(२) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछन् र निजको अनुपस्थितिमा समितिको बैठकको अध्यक्षता दफा (२१) बमोजिम मनोनित वडा अध्यक्ष मध्ये जेष्ठ वडा अध्यक्षले गर्नेछन्।

(३) समितिको बैठकको गणपूरक संख्या ५० प्रतिशत हुनेछ।

(४) बैठकको निर्णय सामान्यत: सहमतिमा गरिनेछ। सहमति हुन नसकेमा बहुमतको आधारमा हुने छ। मत बरावर भएमा बैठकको अध्यक्षता गर्ने ब्यक्तिले निर्णायक मत दिनेछन्।

*त्रियुगा नगरपालिकाको नगर कार्यपालिकाको मिति २०७७/०५/२९ को निर्णयानुसार स्वीकृत भएको व्यहोरा प्रमाणित गरिन्छ।*

*लक्ष्मण विक्रम थापा*
*प्रमुख प्रशासकीय अधिकृत*
प्रमुख प्रशासकिय अधिकृत



Scanned with CamScanner

(५) समितिले आवश्यक देखेमा फोहोरमैला व्यवस्थापन सम्बन्धी कुनै विज्ञ वा पदाधिकारीलाई आमन्त्रण गर्न सक्नेछ ।

(६) समितिको निर्णय सदस्य सचिवले प्रमाणित गर्नेछन् ।

(७) बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

परिच्छेद- ८

२४. कसूर र दण्ड सजायः कसैले देहायको कुनै काम गरेमा यस ऐन बमोजिम कसूर गरेको मानिनेछ ।

(क) नगरपालिकाले तोकी दिएको समय र स्थान बाहेक अन्यत्र फोहोरमैला निष्कासन गर्ने ।

(ख) कन्टेनर वा फोहोरमैला संकलन केन्द्रमा राखिएको फोहोरमैला अनधिकृत तवरले प्रयोग गर्ने ।

(ग) फोहोरमैला संकलन केन्द्रमा राखिएको कन्टेनर योजनाबद्ध र नोक्सानी पु-याउने नियतले तोडफोड गर्ने क्षति पुऱ्याउने, राखिएको स्थलबाट हटाउने वा संकलन केन्द्रमा कुनै नोक्सानी पुऱ्याउने ।

(घ) यस कार्यविधि बमोजिम नगरपालिका भित्र आपूर्ति हुने खानेपानीको मुहान, इन्टेक वरपर प्रदूषण गर्ने, अखाद्य चिजबस्तु फाल्ने, मरेको पशुपन्क्षी फाल्ने, लास जलाउने समेतका कार्य गरेमा अनुमति नलिई फोहोरमैला व्यवस्थापनको कार्य गर्ने ।

(ङ) नगरक्षेत्रभित्र सार्वजनिक रुपमा असर पार्ने गरी नदी, तालतलैया, नहर, पार्क, उद्यान, पोखरी, कुखुरा पालन, बंगुर पालन गरी वातावरण समेत प्रदूषण गरी फोहोरमैला व्यवस्थापनको लागि प्रदान गरिएको अनुमति पत्रमा उल्लेखित शर्तहरु उल्लंघन गर्ने ।

(च) फोहोरमैला संकलन केन्द्र, कन्टेनर वा फोहोरमैला थुपार्ने ठाउँमा कुनै किसिमको हानिकारक पदार्थ फाल्ने, राख्ने त्रा थुपार्ने ।

(छ) घर, कम्पाउन्ड वा परिसरको फोहोरमैला सडक वा अन्य सार्वजनिक स्थलमा जथाभावी राख्ने, फाल्ने वा थुपार्ने ।

(ज) फोहोरबाट निस्कने दूषित पानी वा ढल चुहाई अन्य व्यक्तिको घर वा जग्गा वा सार्वजनिक स्थल प्रदूषित गराउने ।

(झ) नगरपालिकाले तोकेको स्थान बाहेक जनस्वास्थ्यमा प्रतिकूल असर पर्ने गरी सडक वा अन्य सार्वजनिक स्थानमा कुनै किसिमको हानिकारक फोहोरमैला राख्ने, फाल्ने, थुपार्ने वा निष्कासन गर्ने ।

*त्रियुगा नगरपालिकाको नगर कार्यपालिकाको मिति २०७७/०५/२९ को निर्णयानुसार स्वीकृत भएको व्यहोरा प्रमाणित गरिन्छ ।*

*लक्ष्मण विक्रम थापा*
*प्रमुख प्रशासकीय अधिकृत*

प्रमुख प्रशासकिय अधिकृत



Scanned with CamScanner

(ख) रसायनिक फोहोरमैला, विषादी जन्य फोहोर,औद्योगिक फोहोरमैला, स्वास्थ्य संस्था जन्य फोहोरमैला वा हानिकारक फोहोरमैला जथाभावि फाल्ने, राख्ने वा निष्काशन गर्ने ।

(ग) फोहोरमैला संकलन, ढुवानी तथा फोहोरमैला व्यवस्थापनमा बाधा अवरोध सिर्जना गर्ने ।

(घ) फोहोरमैला संकलन, ढुवानी तथा अन्तिम निष्काशन स्थलमा अवरोध, बन्द, घेराउ गर्ने वा फोहोरमैला व्यवस्थापन सम्बन्धी कार्यलाई प्रभावित तुल्याउन अन्य कुनै कार्य गर्ने ।

(ङ) स्रोतमै फोहोरमैला पृथकीकरण नगरी नियम ५ को विपरीत फोहोरमैला मिसाएर निष्काशन गर्ने ।

(च) पशुपंक्षी र सो को लादी, प्वाँख, हड्डी तथा माछाको कल्ला आदि सार्वजनिक स्थल, सडक, गल्ली, चोकमा राख्ने, फाल्ने वा थुपार्ने ।

(छ) तोकेको स्थानभन्दा बाहेक अन्यत्र फोहोरमैला राख्ने, फाल्ने वा थुपार्ने ।

(ज) नगरपालिकाले तोकेको अन्य अनधिकृत कार्य गर्ने ।

२५. सजाय : (१) नियम २४ को खण्ड (क) बमोजिमको कसुर गर्ने व्यक्तिलाई देहाय बमोजिम जरिवाना गरी फोहोरमैला उठाउँदा लाग्ने खर्च समेत निजबाट असुल उपर गरिनेछ ।

(क) पहिलो पटकको हकमा कसुरको मात्रा एवंम् प्रकृति हेरी रु.एक हजार देखि ५ हजार सम्म जरिवाना गर्न सक्नेछ ।

(ख) दोस्रो पटक रु. ५ हजारदेखि १० हजार सम्म जरिवाना गर्न सक्नेछ ।

(ग) तेस्रो पटक वा सो भन्दा बढी प्रत्येक पटकको हकमा रु.१५ हजारका दरले जरिवाना गर्न सक्नेछ ।

(२) नियम २४ को खण्ड (ख) बमोजिमको कसूर गर्नेलाई नगरपालिकाले रु.५ सयदेखि ५ हजारसम्म जरिवाना गर्न सक्नेछ ।

(३) नियम २४ को खण्ड (ग) बमोजिम कसूर गर्नेलाई नगरपालिकाले रु १५ हजार देखि ५० हजारसम्म जरिवाना गरी कन्टेनर वा संकलन केन्द्र व्यवस्थापन गर्न लाग्ने खर्च असुल उपर गर्न सक्नेछ ।

(४) नियम २४ को खण्ड (घ) र (ङ) बमोजिमको कसूर गर्नेलाई रु. १५ हजारदेखि ५० हजारसम्म जरिवाना गरी अनुमति नलिएसम्म त्यस्तो कार्य गर्न रोक लगाउनेछ ।

त्रियुगा नगरपालिकाको नगर कार्यपालिकाको मिति २०७७/०५/२९ को निर्णयानुसार स्वीकृत भएको व्यहोरा प्रमाणित गरिन्छ ।

लक्ष्मण विक्रम थापा
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकिय अधिकृत



Scanned with CamScanner

(ञ) रासायनिक फोहोरमैला, विषादी जन्य फोहोर,औद्योगिक फोहोरमैला, स्वास्थ्य संस्था जन्य फोहोरमैला वा हानिकारक फोहोरमैला जथाभावि फाल्ने, राख्ने वा निष्कासन गर्ने ।

(ट) फोहोरमैला संकलन, ढुवानी तथा फोहोरमैला व्यवस्थापनमा बाधा अवरोध सिर्जना गर्ने ।

(ठ) फोहोरमैला संकलन, ढुवानी तथा अन्तिम निष्कासन स्थलमा अवरोध, बन्द, घेराउ गर्ने वा फोहोरमैला व्यवस्थापन सम्बन्धी कार्यलाई प्रभावित तुल्याउन अन्य कुनै कार्य गर्ने ।

(ड) स्रोतमै फोहोरमैला पृथकीकरण नगरी नियम ५ को विपरीत फोहोरमैला मिसाएर निष्कासन गर्ने ।

(ढ) पशुपंक्षी र सो को लादी, प्वाँख, हड्डी तथा माछाको कत्ला आदि सार्वजनिक स्थल, सडक, गल्ली, चोकमा राख्ने, फाल्ने वा थुपार्ने ।

(ञ) तोकेको स्थानभन्दा बाहेक अन्यत्र फोहोरमैला राख्ने, फाल्ने वा थुपार्ने ।

(ट) नगरपालिकाले तोकेको अन्य अनधिकृत कार्य गर्ने ।

२५. सजाय : (१) नियम २४ को खण्ड (क) बमोजिमको कसुर गर्ने व्यक्तिलाई देहाय बमोजिम जरिवाना गरी फोहोरमैला उठाउँदा लाग्ने खर्च समेत निजबाट असुल उपर गरिनेछ ।

(क) पहिलो पटकको हकमा कसुरको मात्रा एवंम् प्रकृति हेरी रु.एक हजार देखि ५ हजार सम्म जरिवाना गर्न सक्नेछ ।

(ख) दोस्रो पटक रु. ५ हजारदेखि १० हजार सम्म जरिवाना गर्न सक्नेछ ।

(ग) तेस्रो पटक वा सो भन्दा बढी प्रत्येक पटकको हकमा रु.१५ हजारका दरले जरिवाना गर्न सक्नेछ ।

(२) नियम २४ को खण्ड (ख) बमोजिमको कसूर गर्नेलाई नगरपालिकाले रु.५ सयदेखि ५ हजारसम्म जरिवाना गर्न सक्नेछ ।

(३) नियम २४ को खण्ड (ग) बमोजिम कसूर गर्नेलाई नगरपालिकाले रु १५ हजार देखि ५० हजारसम्म जरिवाना गरी कन्टेनर वा संकलन केन्द्र व्यवस्थापन गर्न लाग्ने खर्च असुल उपर गर्न सक्नेछ ।

(४) नियम २४ को खण्ड (घ) र (ङ) बमोजिमको कसूर गर्नेलाई रु. १५ हजारदेखि ५० हजारसम्म जरिवाना गरी अनुमति नलिएसम्म त्यस्तो कार्य गर्न रोक लगाउनेछ ।

७८/०१
६१६

त्रियुगा नगरपालिकाको नगर कार्यपालिकाको मिति २०७७/०५/२९ को निर्णयानुसार स्वीकृत भएको व्यहोरा प्रमाणित गरिन्छ ।

लक्ष्मण विक्रम थापा
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकिय अधिकृत

(५) नियम २४ को खण्ड (च) बमोजिमको कसूर गर्नेलाई नगरपालिकाले रु. ५ हजार देखि १५ हजारसम्म जरिवाना गर्न सक्नेछ ।

(६) नियम २४ को खण्ड (छ), (ज) र (ढ) बमोजिमको कसूर गर्नेलाई नगरपालिकाले रु.५ हजार देखि १५ हजारसम्म जरिवाना गर्न सक्नेछ ।

(७) नियम २४ को खण्ड (झ) बमोजिमको कसूर गर्नेलाई नगरपालिकाले रु.३० हजार देखि ५० हजारसम्म जरिवाना गर्न सक्नेछ ।

(८) नियम २४ को खण्ड (ञ) बमोजिमको कसूर गर्नेलाई नगरपालिकाले रु. ५० हजार देखि १ लाखसम्म जरिवाना गर्न सक्नेछ । सोही कसर पुनः गरेमा पहिलो पटक गरेको जरिवानाको दोब्बर जरिवाना गरी प्रचलित कानुन बमोजिम अनुमति रद्द गर्नका लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ ।

(९) नियम २४ को खंण्ड (ट) र (ठ) बमोजिमको कसुर गर्नेलाई प्रचलित कानुन बमोजिम दण्ड र जरिवाना गर्न सक्ने छ । (१०) नियम २४ को खण्ड (ड) बमोजिमको कसुर गर्नेलाई नगरपालिकाले प्रत्येक पटक ५ सय रुपैया जरिवाना गर्न सक्नेछ ।

२६. सेवा सुविधा रोक्का गर्न सकिने : (१) यस कार्यविधि बमोजिम तोकिएको सेवा, शुल्क नबुझाउने वा बुझाउन अटेर गर्ने ब्यक्तिलाई नगरपालिकाले उपलब्ध गराउने सेवा सम्वन्धी सिफारिस, सुविधाको अतिरिक्त विद्युत तथा टेलिफोन सेवा रोक्का गर्न तथा निजको नामको चलअचल सम्पत्तिको बिक्री रोक्का गर्न सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ । लेखिए बमोजिम कारवाही गर्नु अघि सम्बन्धित ब्यक्तिलाई सो सम्बन्धी कारवाहीको लिखित जानकारी गराउनु पर्नेछ ।

(२) उपनियम(१) बमोजिम लेखि आएमा त्यस्तो सेवा सुविधा रोक्नु सम्बन्धित निकायको कर्तब्य हुनेछ ।

२७. पुनरावेदन दिन सक्ने : नियम २५ बमोजिम गरेको सजायको निर्णयमा चित्त नबुझ्ने पक्षले निर्णय भएको मितिले ३५ दिन भित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

परिच्छेद- ९

विविध २८.

(१) स्वास्थ्य संस्थाजन्य फोहोरमैला व्यवस्थापन : स्वास्थ्य संस्था स्थापना गर्नका लागि प्रचलित कानुन बमोजिम अनुमति दिने निकायले अनुमति दिनु पूर्व फोहोरमैला व्यवस्थापनको उपयुक्त व्यवस्था गरेर मात्र अनुमति दिनुपर्छ ।

०७।१०।
६।६

*त्रियुगा नगरपालिकाको नगर कार्यपालिकाको मिति २०७७/०५/२९ को निर्णयानुसार स्वीकृत भएको व्यहोरा प्रमाणित गरिन्छ ।*

*लक्ष्मण विक्रम थापा*
*प्रमुख प्रशासकीय अधिकृत*
प्रमुख प्रशासकिय अधिकृत



Scanned with CamScanner

(२) उपनियम (१) बमोजिम अनुमति दिदाँ स्वास्थ्य संस्थाले फोहोरमैला व्यवस्थापन सम्बन्धमा पालना गर्नुपर्ने विशेष सर्त वा कायम गर्नुपर्ने मापदण्ड तोक्न सक्नेछ ।

(३) उपनियम (१) र उपनियम (२) मा जुनसुकै कुरा लेखिएतापनि नगरपालिकाले सार्वजनिक निजी साझेदारीका आधारमा एकीकृत स्वास्थ्य संस्था जन्य फोहोरमैला व्यवस्थापन केन्द्र संञ्चालन गर्न सक्नेछ ।

२९. रासायनिक विषादी तथा मलमुत्र व्यवस्थापन सम्बन्धी ब्यवस्था :

(१) रासायनिक विषादीको आयात गर्दा तोकिए बमोजिमको मापदण्डको अधिनमा रही गर्नुपर्ने छ ।

(२) समयावधि सकिएको रासायनिक विषादी तोकिएको मापदण्डको अधिनमा रही नष्ट गर्ने जिम्मेवारी सम्बन्धित ब्यक्ति वा संस्थाको हुनेछ ।

(३) सेप्टीकजन्य फोहोर तथा मल मुत्र व्यवस्थापन सम्बन्धी व्यवस्थापन नगरपलिकाले आफै वा प्रतिस्पर्धाको आधारमा सार्वजनिक निजी साझेदारीका आधारमा कुनै क्षेत्रलाई व्यवस्थापनको जिम्मा दिन सक्ने छ ।

(४) यो कार्यविधी लाग हुनुभन्दा अगाडी भएका सम्झौताहरु यो कार्यविधी लागू भएको तीन महिना भित्र स्वत: खारेज हुनेछन् ।

३०.फोहोरमैला व्यवस्थापन कोष:

(१) नगरपालिकामा एक फोहोरमैला व्यवस्थापन कोष रहने छ र उक्त कोषमा देहायका रकमहरु जम्मा गरिने छ ।

(क) नियम १६ वमोजिम प्राप्त हुने सेवा शुल्क वापतको रकम ।

(ख) नियम १३ वमोजिम प्राप्त हुने शुल्क रकम र रोयल्टी वापतको रकम ।

(ग) नियम २५ वमोजिम जरिवाना वापत प्राप्त हुने रकम ।

(घ) संघीय वा प्रादेशिक सरकारवाट फोहोरमैला व्यवबस्थापनका लागि प्राप्त हुने अनुदान रकम ।

(ङ) नगरपालिकाले निर्णय गरी उक्त कोषमा राख्ने भनी तोकेको रकम ।

(च) राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्था वा निकायवाट फोहोरमैला व्यवस्थापनका लागि प्राप्त हुने अनुदान र सहयोग रकम ।

*त्रियुगा नगरपालिकाको नगर कार्यपालिकाको मिति २०७७/०५/२९ को निर्णयानुसार स्वीकृत भएको व्यहोरा प्रमाणित गरिन्छ ।*

*लक्ष्मण विक्रम थापा*
*प्रमुख प्रशासकीय अधिकृत*

प्रमुख प्रशासकिय अधिकृत



Scanned with CamScanner

(छ) खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाबाट प्राप्त हुने रकम ।
(ज) अन्य कुनैश्रोत वाट प्राप्त हुने रकम ।

(२) उपनियम (१) को खण्ड (च) वमोजिमको रकम प्राप्त गर्नको लागि संघीय सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(३) यस कोषको लेखा, खर्च प्रकृया र लेखापरीक्षण सम्वन्धी व्यवस्था नगरपालिकाको अन्य कोष सरह हुनेछ ।

३१. फोहोरमैला व्यवस्थापनमा संलग्न सामुदायिक, निजी साझेदारी निकायको अभिलेख राख्ने :

(१) नगरपालिकाले आफ्नो क्षेत्रभित्रको फोहोरमैला व्यवस्थापनमा काम गर्ने सामुदायिक संस्थाहरुको अद्यावधिक विवरण राख्नेछ ।

(२) उपनियम (१) बमोजिम राखिने विवरणमा त्यस्ता संस्थाले काम गरिरहेको क्षेत्र र प्रकृति, जनशक्ति, आर्थिक तथा प्राविधिक स्रोत तथा अन्य आवश्यक विवरण समेत उल्लेख गर्न सकिनेछ ।

३२. स्वीकृत लिनुपर्ने : नगरपालिकाले कुनै विदेशी संघसंस्था वा दातृ निकाय वा नागरिकसँग फोहोरमैला व्यवस्थापन सम्बन्धी कार्यक्रम सञ्चालन गर्न सहयोग लिन सक्नेछ ।

३३. पुरस्कार दिन सकिने :

(१) फोहोरमैला व्यवस्थापनका लागि नवीनतम अवधारणाको विकास गर्ने, सो कार्यलाई प्रोत्साहन गर्ने तथा फोहोरमैला व्यवस्थापन कार्यमा योगदान गर्ने ब्यक्ति वा संस्थालाई नगरपालिकाले सम्मान तथा उपयुक्त पुरस्कार प्रदान गर्न सक्नेछ ।

(२) यस कार्यविधीको प्रतिकूल हुने गरी जथाभावी फोहोरमैला राख्ने, थुपार्ने वा फाल्ने ब्यक्तिको बारेमा प्रमाण सहित उजुरी दिने ब्यक्तिलाई नगरपालिकाले सम्मान एवं नगद पुरस्कार दिन सक्नेछ ।

*त्रियुगा नगरपालिकाको नगर कार्यपालिकाको मिति २०७७/०५/२९ को निर्णयानुसार स्वीकृत भएको व्यहोरा प्रमाणित गरिन्छ ।*

*लक्ष्मण विक्रम थापा*
*प्रमुख प्रशासकीय अधिकृत*

प्रमुख प्रशासकिय अधिकृत



Scanned with CamScanner